प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

**दोस्रो पटक प्रकाशित मितिः२०७८/०६/०४**

यस कृषि ज्ञान केन्द्र स्याङ्गजा, गण्डकी प्रदेशको कार्यालयद्धारा आ.व. २०७८/०७९ मा संचालन गरिने तपसिलका कार्यक्रम संचालन गर्न ईच्छुक स्याङ्गजा जिल्ला भित्रका कृषक/ कृषि फर्म/ कृषक समुह तथा सहकारीले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र स्याङ्गजामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना दोस्रो पटक प्रकाशित गरिएको छ ।

तपसिल :

| क.स | परियोजनाको किसिम | अनुदान सहयोग | संख्या | विनियोजित रकम लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम संचालन (निमार्ण तथा मर्मत ,सिंचाई प्रणालीको निमार्ण ) | कुल लागतको बढीमा ९० प्रतिशत सम्म र प्रति अनुदानग्राही अधिकतम रु.२ लाख सम्म अनुदान । | १७ | ३४ | PAN मा दर्ता भएका कृषि समूह, सहकारी तथा जल उपभोक्ता समितिले पनि आवेदन दिन सक्ने । |
| २ | क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | खुल्ला जमिनमा तरकारी खेति गर्नेले प्रति रोपनीमा तथा प्लाष्टिक घर भित्र प्रति १०० वर्ग मिटरमा .३००० अनुदान | २० पटक | १२ | सहभागि हुने कृषक/फर्म/कम्पनीले कम्तिमा २ रोपनी भन्दा बढी क्षेत्रफलमा वा न्युनतम २०० वर्ग मिटर क्षेत्रफलमा प्लाष्टिक घर भित्र वार्षिक कम्तिमा दुई सिजन तरकारी गर्नुपर्ने । |
| ३ | बाझो जग्गामा व्यवसायिक खेति प्रोत्साहन सहयोग | प्रति रोपनी २५०० दरले | ३० हे. | १५ | विगत कम्तिमा ३ वर्ष देखि बाझो रहन गएका जग्गा भाडामा लिई वा स्वयम् जग्गा धनीले जग्गामा पुनः खेति गर्नुपर्नेछ र न्यूनतम ३ रोपनी क्षेत्रफ़ल भएको बाझो जग्गामा व्यवसायिक खेति गर्नुपर्नेछ। |
| ४ | श्रोत केन्द्र स्थापना तथा कार्यक्रम | कुल लागतको बढीमा ९० प्रतिशत सम्म अनुदान । | ०९ | २७ | कृषि समुह वा सहकारी संग साझेदारीमा संचालन गरिने । कृषि उपज बिक्रि केन्द्र स्थापनाको लागि न्यनतम ०.५ रोपनी क्षेत्रफल हुनुपर्ने । |
| ५ | बालीको बिमा शुल्कमा २५ प्रतिशत अनुदान कार्यक्रम | कुल बिमा शुल्कको २५ प्रतिशत | ३ पटक | ५ | आ.व. २०७८/०७९ मा कृषि सम्बन्धि बिमा गरेका आवेदकहरुले आवेदन पेश गर्न सक्नेछन । |

<u>आवश्यक कागजातहरु:</u>

- निर्दिष्ट ढाचांमा प्रस्ताव र रु १० को टिकट सहितको निवेदन ।
- कृषि फर्म/कम्पनिको हकमा सस्थाको दर्ता प्रमाणपत्र ( नविकरण गर्नुपर्ने भएमा नविकरण गरेक, PAN/VAT दर्ता प्रमाणपत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कृषक समूह/ कृषि सहकारीको हकमा ( नवीकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र , पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि , वार्षिक लेखा परिक्षण प्रतिवेदन र सस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
- अघिल्लो दुइ आ. व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त नगरेको स्वघोसणा पत्र ।
- प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार लिजमा लिई/कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपी ।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र । कृषक वर्गिकरण परिचयपत्रको प्रतिलिपी ।

नोटः थप जानकारीका लागि कृषि ज्ञान केन्द्र स्याङ्गजामा सम्पर्क राख हुन अनुरोध छ (०६३-४२०१३०, akcsyangja@gmail.com)।

**विनोद हमाल**
**प्रमुख**